स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



असोज ३१ गतेबाट प्रदर्शनमा आउने फिल्म 'जेरी अन टप'को पहिलो गीत 'कस्तुरी' सार्वजनिक भएको छ। निर्माण संस्था अनन्या फिल्मस्ले सोमबार घटस्थापनाको अवसर पारेर गीत सार्वजनिक गरेको हो। गीतमा अभिनेता अनमोल केसी र अभिनेत्री आँचल शर्मा फिचर्ड छन्। मुस्ताङदेखि भारतको राजस्थानका विभिन्न रमणीय दृश्यहरू भिडियोमा कैद गरिएको छ। गीतमा कोरियोग्राफी किरण थापाको छ।

**आजको विचार...**



जेन...
(दुई पेजमा)

डा. जीवराज आचार्य

अभिनेता विजय बराललाई पुत्रीलाभ भएको छ। उनकी पत्नी तथा अभिनेत्री प्रमिलाले आज बिहान बागबजारस्थित मोडल अस्पतालमा सन्तानलाई जन्म दिइन्। उनीहरुको यो दोस्रो सन्तान हो। यसअघि छोरा छन्। नयाँ सन्तान लाभपछि विजयले अनलाइनखबरसँग भने, 'म एकदमै खुसी छु। मालती मंगलको सुटिङबाट ब्रेक लिएर आएको हुँ।' उनले फेसबुकबाट फोटो सेयर गर्दै प्रशंसकलाई यसबारे जानकारी दिएका छन्। उनी लेख्छन्, आज जीवनले फेरि एउटा कविता लेखिदियो प्रिय प्रमिला।



❒ वर्ष ३१ ❒ अंक ६८ ❒ २०८२ असोज ७ गते मंगलबार 23 September 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पालपामा चाडपर्व लक्षित 'यात्रु सहायता कक्ष'

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज ६/बडादसैँ र तिहारलगायतका चाडपर्वहरू नजिकिएसँगै जिल्लामा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको छ । चाडबाडको समयमा यात्रुलाई पर्ने समस्यालाई लक्षित गरी जिल्लाको मुख्य स्थान तासेनस्थित बसपार्कमा 'यात्रु सहायता कक्ष' स्थापना गरिएको हो ।

सामुदायिक प्रहरी सेवा केन्द्रले जिल्ला प्रहरी कार्यालय पाल्पा, जिल्ला ट्राफिक प्रहरी कार्यालय पाल्पा, श्रीनगर यातयाता व्यवसायीसँगको समन्यवय र सहकार्यमा यात्रुलाई लामो र छोटो दूरीको यात्रा गर्दा समस्या नपरोस् भनेर कक्षको स्थापना गरेको हो । यात्रु सहायता कक्षको सहायक प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदीले शुभारम्भ गर्दै चाडबाडमा यात्रु ठगिन नदिन यात्रु सहायता कक्षको स्थापना गरिएको बताए । उनले यात्रु ठगिएको सामान लुटपाट गरिएको




लगायतको विषयमा तत्कालै उजुरीसँगै सुनुवाइ हुने बताए । सबै पक्षको सहयोग र सहकार्यबाट नै यात्रु सहायता कक्षलाई व्यवस्थित, सुरक्षित, भरपर्दो रुपमा सञ्चालन गर्न सकिनेमा सहायक प्रजि सुवेदीले जोड दिए । यात्रुहरुले पनि आफु माथी परेको अन्याय, अत्याचारको गलत काम कारवाहीका सूचना प्रहरी समक्ष गुनासो गर्न, बढी भाडा, सवारी साधन, अत्याधिक भारवहन, तिव्र गति भएको अवस्थामा प्रहरीलाई खबर गर्न उनले अनुरोध गरे । स-सानो लापरवाही हेरचेक्रयाईका कारण नै ठूला-ठूला घटना हुने भएकाले सही समयमा सही सूचना पाए जोखिमलाई न्युनिकरण गर्न सकिने उनले बताए । जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी दिपेन्द्र पञ्जीयार थारुले चाडपर्वमा हुन सक्ने सम्भावित ठगि र यात्रुको सरलताका लागि सहायता कक्षले सहयोग पुऱ्याउने बताए । उनले भने, "यात्राका क्रममा कसैलाई समस्या भएको अवस्थामा सहजताका लागि प्रहरी सेवा उपलब्ध गराउन चौबिसै घण्टा सेवा प्रवाह हुने गरी व्यवस्था मिलाइएको छ ।" एसपी थारुले यात्रु सहायता कक्षामार्फत ट्राफिक नियम सचेतना गराउने, क्षमताभन्दा बढी यात्रु राखेको, तोकिएभन्दा बढी भाँडा लिएको विषयमा चेकजाँच गरी कारवाही प्रक्रिया अघि बढाइने बताए । उनले भने, "चाडपर्वमा विशेषगरी सवारीसाधन कम चल्ने र यात्रुको चाप बढी हुने गर्दछ यस्तो अवस्थामा मनपरी भाँडा असुल्ने, सामान छुट्न सक्छ, गन्तव्यमा हिडेका यात्रुहरु अलमलमा पर्ने जस्ता समस्या हुने भएकाले सहजताका लागि सहायता कक्ष स्थापना महत्वपूर्ण हुने छ ।" नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष तथा सामुदायिक प्रहरी सेवा केन्द्रका सल्लाहकार कमलराज तिमिल्सेनाले गतन्व्यमा पुग्ने यात्रुहरुको सहजताका लागि हरेक वर्षजस्तै यस वर्ष पनि सहायता कक्ष स्थापना गरिएकोमा खुसी व्यक्त गरे । उनले सहायता कक्षलाई प्रभावकारी बनाई सेवा प्रवाह गर्न केन्द्रलाई सुझाव दिए । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाका प्रमुख विनोद भारती, श्रीनगर यातायात सेवा कम्पनी प्रा.लि.का सञ्चालक किरण चित्रकार, पश्चिम यातायात व्यवसायी समिति पाल्पा शाखाका प्रमुख डोलराज भट्टराई, श्रीनगर यातायात सेवा कम्पनी प्रा.लि.का कार्यालय प्रमुख भविन्द्र गौतम लगायतले यात्रु सहायता कक्ष प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्नेमा जोड दिए । सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जयप्रकाश उत्प्रेतीको अध्यक्षता, कार्यक्रम संयोजक भविन्द्र गौतमको स्वागत, सचिव राजेश भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## संक्षिप्त समाचार

### बङ्गलादेशमा डेङ्गुका कारण १२ को मृत्यु

(रासस/सिन्ह्वा)

**ढाका,** असोज ६/बङ्गलादेश स्वास्थ्य सेवा महानिर्देशनालयले आइतबार सार्वजनिक गरेको रिपोर्ट अनुसार, देशमा डेङ्गु सङ्क्रमणका कारण एकैदिन १२ जनाको मृत्यु भएको छ, जुन यस वर्षका लागि सबैभन्दा उच्च मृत्यु सङ्ख्या हो । हालसम्म डेङ्गुबाट मृत्यु हुनेहरूको कुल सङ्ख्या १७९ पुगेको स्वास्थ्य सेवा महानिर्देशनालयले जनाएको छ । पछिल्लो २४ घण्टामा ७४० नयाँ सङ्क्रमित फेला परेपछि यस वर्ष डेङ्गुका कुल सङ्क्रमितहरूको सङ्ख्या ४१ हजार ८३१ पुगेको छ । डेङ्गु रोग मुख्यत: वर्षायाम अर्थात् जुनदेखि सेप्टेम्बरसम्म बंगलादेशमा व्यापक रूपमा फैलिने गर्दछ । मच्छरजन्य रोगहरूका लागि संवेदनशील मानिने यस देशमा यस रोगको नियन्त्रणका लागि सतर्कता र प्रभावकारी कदम चालिनु आवश्यक रहेको विज्ञहरूले बताएका छन् ।

# पाल्पाका भगवती मन्दिरहरुमा भक्तजनहरुको भिड



**कृष्ण पोखरेल**

**पाल्पा,** असोज ६/बडा दशैंको पहिलो दिन घटस्थापनामा पाल्पाका विभिन्न शक्तिपिठ तथा देवी भगवतीका मन्दिरहरुमा भक्तजनहरुको भिडभाड बढेको छ । भक्तजनहरु विहानै नदी तलाउ, धारा कुवामा स्नान गरी चोखो वस्त्र पहिरिएर पुजा पाठ, तथा देवीको दर्शनको लागि भगवती दुर्गाका मन्दिरहरु पुगेका छन् । पाल्पालीहरुले शुभ साईतमा घर-घर, देवीका मठमन्दिरहरुमा घटस्थापना गरेका छन् ।

जिल्लाको डाँडा टाकुरामा रहेका भगवती दुर्गाका मन्दिरहरु सरसफाई गरी सोमबार नवरात्रदेखी देवीको नित्य पुजा आजा शुरु गरिएको छ । पाल्पामा अधिकाश देवी, भगवती, दुर्गाका मन्दिरहरु डाँडाको टुप्पोमा निर्माण गरिएका छन् । नवदुर्गा शुरु भएपछि भगवती मन्दिरका वरीपरी भक्तजनहरु भजन कृर्तन, दुर्गा तथा चण्डी पाठ गर्दे देवीको आराधनामा जुटेका हुन । तानसेनको भगवती मन्दिर परिसरमा परम्परागत नेवारी भाषाको डाफा भजनले संस्कृति जोगाएको छ । लोपन्मुख अवस्थामा पुगेको नेवारी डाफा भजनलाई संरक्षणको लागि पाका पुस्तासँगै युवाहरु जोडिएका छन् । परम्परागत भजन संस्कृति बुढापाकामा मात्र रहेको अवस्थामा युवाहरुलाई समेत डाफा भजनमा सहभागी गराएर तानसेनको पुरानो भजन संस्कृतिको जर्गेनाको लागि सहयोग पुगेको संस्कृतिकर्मी राजेन्द्र गोपाल सिंहले बताए । भगवती मन्दिरमा तानसेन भजन संरक्षण समिति र भगवती भजन समुहले नियमित रुपमा नवदुर्गा समय भरी विहानमा डाफा भजन गर्दै आएका छन् । तानसेनको भगवती मन्दिर, भैरवस्थानको भैरव मन्दिर, रम्भाको रम्भादेवी मन्दिर, दर्लाम महाकाली मन्दिर, बगनासकाली मन्दिर, भुवनपोखरीको रैनादेवी मन्दिर, बताँसेको कालिका मन्दिर लगायतका मन्दिरमा पुजा आजाको लागि भक्तजनको अध्याधिक भिड हुने गर्दछ । पाल्पामा नवदुर्गाको समयमा मन्दिर वरीपरी विभिन्न समुहबाट सामूहिक देवी स्तुती भजन किर्तन गर्ने परम्परा हालसम्म कायम रहेको पाईन्छ ।

# बगनासकाली बहुउद्देश्य सहकारीले मनायो ७ औं साधारण सभा

**पाल्पा,** असोज ६/जिल्लाको बगनासकाली बहुउद्देश्यी सहकारी संस्था लि. ले ७ औं साधारण सभा मनाएको छ। सहकारीले सोमबार बगनासकालीस्थित आफ्नै भवनमा एक औपचारिक कार्यक्रमका बिच आफ्नो वार्षिक साधारण सभा मनाएको हो ।

सभाको जिल्ला सहकारी संघ लिमिटेड पाल्पाका अध्यक्ष भूपति पाण्डेयले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि पाण्डेयले पाल्पाका सहकारीहरुमा कुनै पनि समस्या नभएकाले ढुक्क भएर कारोबार गर्न शेयर सदस्यहरुलाई आग्रह गरेका छन् । उनले कर्मचारीहरुको बदमासीका कारण केही सहकारीमा समस्या देखिएको भए पनि पाल्पाको हकमा त्यस्तो नरहेको स्पष्ट पारे । अध्यक्ष पाण्डेयले बाहिर जस्तो भए पनि सहकारीहरुमा त्यस्तो नरहेको बताए । कार्यक्रममा बगनासकाली गाउँपालिका वडा नं. ८ का वडा अध्यक्ष मोतिलाल बस्याल, वडा नं. ९ का वडा अध्यक्ष ठानेश्वर तिमिल्सेना, घरेलु तथा साना उद्योग कार्यालयका वरिष्ठ उद्योग अधिकृत केशव सुनार, चन्द्र माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष लिला अर्याल, सहकारीका



सल्लाहकार गणेशप्रसाद बस्याल, नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझी, जेष्ठ नागरिक टीकाराम बस्याल, शेयर सदस्यहरु मनिषा बस्याल, नारायण तिमिल्सेना लगायतले सहकारीले कृषि, पशु, शिक्षा, स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताए ।

कार्यक्रममा सहकारीका अध्यक्ष कृष्ण प्रसाद भुसालले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सहकारीको मूल्य मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै सहकारी अगाडि बढेको बताए । उनले आफुहरु इमान्दारिताका साथ काम गर्दै आएकाले सहकारीमा कुनै पनि समस्या नभएको स्पष्ट पारे । उनले भने "हामी सहकारीको मूल्यमान्यता, सिद्धान्त र उद्देश्य अनुसार नै काम गरेका छौं, प्रत्येक वर्ष शेयर सदस्यहरु पनि थपिदै जानु भएको छ । ढुक्क भएर कारोबार गर्नुहोस् हाम्रोमा कुनै समस्या छैन ।" अध्यक्ष भुसालले सहकारीलाई प्रविधिमैत्री बनाउदै लगिएको पनि बताए । उनले दुध उत्पादन, बजारिकरण, परम्परागत कृषिलाई आधुनिकरण गर्ने दिशामा सहकारीले काम गरेको उल्लेख गरे । उनका अनुसार सहकारीमा १ हजार ४ सय ७१ जना शेयर सदस्य रहेका छन् । सहकारीले खुल्ला सत्रमै शेयर सदस्यहरुबाट राय, सुझाव र जिज्ञासा मागेको थियो । जसमा शेयर सदस्यहरु चुनिकला विक, ज्योतिलाल घिमिरे, नेत्र बस्याल, हरिकला ज्ञवाली, सिता घिमिरे लगायतले स्थानीय स्तरमै उत्पादन भएको घाँस खरिद गर्नुपर्ने, यहाँ उत्पादित दूध यही खपत गर्ने व्यवस्था मिलाउनुपर्ने, साधारण सभाको जानकारी सामाजिक सञ्जालबाट नभई प्रत्येक सदस्यलाई चिठ्ठीमार्फत हुनुपर्ने लगायतका सुझाव राखेका थिए ।

सोही अवसरमा सहकारीले जेष्ठ नागरिक, असल बचतकर्ता, असल ऋणी,बढी दूध , तरकारी उत्पादन गर्ने कृषक, पूर्व कार्यसमिति, पूर्व व्यवस्थापकलाई समेत सम्मान गरेको थियो । कार्यक्रममा लेखा सुपरिवेक्षक समितिका संयोजक रविलाल तिमिल्सेनाले लेखासुपरिवेक्षकको प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाका अध्यक्ष कृष्ण प्रसाद भुसालको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष ताराप्रसाद घिमिरेको स्वागत, सचिव कमलराज तिमिल्सेनाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## निजी क्षेत्रलाई भरोसा दिलाऊ

लामो समयको कोभिड महामारीका कारण थिलो परेको निजी क्षेत्र उठ्नै लाग्दा पुनः जेनजी आन्दोलनले थला पर्न पुगेको छ । गत भदौ २४ गतेको घटनाले देशभर सार्वजनिक र निजी दुवै क्षेत्रमा व्यापक क्षति पुऱ्याएको छ । आगजनी, तोडफोड र लुटपाटका घटनालाई बिर्सिंदै जनजीवन सामान्य बन्दै गएको छ । तर उक्त दिनको घटनाले देशको अर्थतन्त्रमा भने दीर्घकालीन असर गर्ने निश्चित छ ।

आन्दोलनका क्रममा सार्वजनिक एवं निजी सम्पत्तिमाथि भएको आगजनी, तोडफोड, लुटपाटका घटनाले उद्योगी–व्यवसायीलाई पक्कै हतोत्साही बनाएको छ । आन्दोलनका क्रममा व्यक्ति तथा व्यवसाय लक्षित तोडफोड, आगजनी एवं लुटपाटका घटना भए । यसले व्यवसायी तथा लगानीकर्तालाई झनै त्रसित बनाएको छ । यो अत्यन्त दुखद् छ । खासगरी उद्योग–व्यवसायमा सफल भएका व्यावसायिक घराना, निजी क्षेत्रका संघसंस्थाको नेतृत्वमा बसेका तथा राजनीतिसँग जोडिएका उद्योगी–व्यवसायीलाई लक्ष्य गरिनु डरलाग्दो विषय बनेको छ । यसले देशकै अर्थतन्त्रलाई नराम्रोसँग कमजोर बनाउने छ । अर्थतन्त्रको मुख्य मेरुदण्ड भनेको निजीक्षेत्र हो, जसले सरकारलाई राजस्वमा योगदान गर्छ, रोजगारी सिर्जना गर्छ, त्यही क्षेत्रले सबैभन्दा बढी नोक्सानी यसपालिको विध्वंसमा बेहार्नु परेको छ । प्रमुख उद्योग, प्रतिष्ठानहरूलाई निशाना बनाई उच्छृंखल र उद्दण्डहरूले उपद्रव नै मच्चाए र खरानी पारे । एकै दिन लाखौंको रोजगारी गुमेको छ । तीसँग जोडिएका परिवारहरूको चुलोचौको निभेको छ । यद्यपी निजी क्षेत्रले आफ्नो आत्मविश्वास भने गुमाएको छैन । यो सबैभन्दा राम्रो पक्ष हो । ठूला व्यावसायिक घरानाहरूले आफूहरू फेरि झनै सशक्त भएर फर्कने प्रतिबद्धता व्यक्त गरेका छन् । तथापी यस्तो अवस्थामा सरकारले अभिभावकी जिम्मेजारी निर्वाह गर्न आवश्यक छ । अहिलेको अवस्थामा लगानी गर्ने वातावरण सिर्जना गरिनु महत्वपूर्ण काम हो । निजी क्षेत्रको लगानीबिना अर्थतन्त्र उकासिन्न । तसर्थ सरकारले निजी क्षेत्रको मनोबल उठाउने गरी भरोसा दिलाउन जरुरी छ ।

### Opinion @ Social Network

जिन्दगी आफ्नो तरिकाले जिउने गर्नुहोस्
यो समाज न त प्रगति मा खुसी हुन्छ
न त दुर्गतिमा साथ दिन्छ ।

*(दुर्गा थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Durga.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जेन–जीको आन्दोलन : विगत, वर्तमान र भविष्य



**डा. जीवराज आचार्य**

*नेपालको राजनीतिक इतिहासमा हरेक ठुलो आन्दोलनपछि अन्तरिम संरचना बनेको छ । २०४६ पछि अन्तरिम सरकार, २०६३ पछि अन्तरिम संसद र सविधानसभा अनि अहिले पुनः अन्तरिम सरकारको स्वरूप देखिनु आन्दोलनको प्रभाव र जनआकांक्षाको परिणाम हो । भविष्य : सम्भावना, चुनौती र विकल्प आन्दोलनले आफ्नो ऊर्जा र एकतालाई संस्थागत गर्न सक्यो भने नेपालमा नयाँ शासन संरचना स्थापित हुन सक्छ ।*

नेपालमा विभिन्न समयमा भएका आन्दोलनले राजनीतिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान दिएका छन् । २०४६ को जनआन्दोलनदेखि २०६२/६३ को जनआन्दोलनसम्मका हरेक आन्दोलनले नयाँ व्यवस्था, नयाँ संविधान र नयाँ राजनीतिक विचारधारा जन्माएको छ । आजको नेपालमा जेन-जी (सन् १९९७ देखि २०१२ सम्म जन्मेको पुस्ता) ले आन्दोलनलाई चरमोत्कर्षमा पुऱ्याएर अन्तरिम सरकारसम्म गठन गर्न सफल भएको तथ्य ऐतिहासिक छ । यो आन्दोलनलाई नजिकबाट नियाल्दा यसको स्वरूप, नारा, माग र अभिव्यक्तिमा एउटा समान विशेषता देखिन्छ– सबै परम्परागत राजनीतिक शक्ति, पार्टी र नेतालाई एउटै 'पुरानाङ्गका रूपमा अस्वीकार गर्नु । यसले विगतका राजनीतिक घटनाक्रम र उपलब्धिप्रति निराशा मात्र उब्जाएको छैन, नयाँ प्रकारको शासन, नयाँ प्रकारको प्रतिनिधित्व र नयाँ प्रकारको आशा समेत खोजेको स्पष्ट देखिन्छ । यसरी वैकल्पिक सोच निर्माण हुँदै क्रियाकलापमा आउँदै गर्दा प्रशस्तै अमिल्दा पक्ष पनि देखिन्छन् । यस आलेखमा जेन-जीको आन्दोलनलाई विगत, वर्तमान र भविष्य तीन परिप्रेक्ष्यमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**विगत : आन्दोलनको पृष्ठभूमि र कारण**

नेपालको विगत दुई दशकको राजनीतिक यात्रा अत्यन्तै घटनापूर्ण रह्यो । २०५० को दशकको सुरुदेखि अन्त्यतिर र २०६० को दशकसम्म सशस्त्र द्वन्द्व, राजतन्त्रको पतन, संविधानसभा, गणतन्त्रको घोषणा र सैंीय संविधानको निर्माणसम्म आइपुग्दा देशले ठुलो राजनीतिक मूल्य चुकाएको छ तर यी घटनापछि पनि जनताले अपेक्षित स्थिरता, सुशासन र समृद्धि अनुभूति गर्न सकेनन्, यो सत्य कुरा हो । विगत दुई दशकसम्म सत्तामा रहँदै आएका दलले सैंीयता, गणतन्त्र र धर्मनिरपेक्षताको जस्तो ऐतिहासिक उपलब्धि त ल्याए, तर शासनप्रणालीमा पारदर्शिता, जवाफदेहिता र सेवा प्रवाहमा सुधार ल्याउन असफल भए । नेताहरूबिचको सत्ता सन्तुलनको खेल, संसद् विघटन र पुनःस्थापनाका घटना, भ्रष्टाचार र भाइभतिजावाद र नागरिक सरोकारका विषयमा गरिएका बेवास्ताले युवा पुस्तामा गहिरो असन्तोष पैदा गऱ्यो । आजको जेन-जी आन्दोलनले उठाएका माग (प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्णसमानुपातिक निर्वाचन प्रणाली) कुनै नयाँ विषय होइनन् । यी माग करिब २० वर्षदेखि विभिन्न राजनीतिक शक्तिद्वारा उठाइँदै आएका थिए । पुराना दलहरूले आफ्नो स्वार्थ र सत्ता सन्तुलनका कारण यी प्रस्तावलाई कार्यान्वयनतर्फ लैजान सकेनन् । यही असफलताले आजको आन्दोलनलाई थप वैचारिक आधार दिएको छ । २०६२/६३ को आन्दोलनताका जन्मिएका वा किशोर अवस्थामा रहेका आजका जेन-जी युवाहरू अहिले समाजको सक्रिय हिस्सा बनेका छन् । उनीहरूले राजनीतिक दलहरूको विगतको यात्रा, बारम्बारको असफलता र शासनमा जनताप्रति बेवास्तालाई नजिकबाट अनुभव गरे । यसैले उनीहरूका लागि विगतका शक्ति र संरचना 'पुरानाङ्ग र अस्वीकारयोग्य बने ।

**वर्तमान : आन्दोलनको स्वरूप, विशेषता र उपलब्धि**

आजको आन्दोलनलाई नियाल्दा यसले नेपालको राजनीतिक इतिहासमा केही नयाँ परिभाषा दिएको देखिन्छ । कुनै एउटा दल वा विचारधाराविरुद्ध मात्रै होइन, यो आन्दोलनले सबै दल, सबै विचारधारा र सबै नेताहरूप्रति समान असन्तोष प्रकट गरेको देखिन्छ । आन्दोलनकारीका नारा, पोस्टर, भाषण वा सामाजिक सञ्जालका अभिव्यक्तिमा 'पुरानाङ्ग शब्दको प्रयोग बारम्बार भएको छ । यसले युवा पुस्ताले विगतका सम्पूर्ण शक्ति संरचनालाई असफल मान्दै नयाँ विकल्प खोजिरहेका छन् भन्ने बुझ्न धेरै कठिनाइ पर्दैन । जेन-जी पुस्ता डिजिटल युगमा हुर्किएको पुस्ता हो । उनीहरूले आन्दोलनलाई सामाजिक सञ्जालमार्फत व्यापक बनाए । सूचना प्रवाह, नारा, पोस्टर र भिडियोमार्फत आन्दोलन छोटो समयमा देशभर फैलियो । यसले आन्दोलनलाई परम्परागत 'मञ्च-सभाङ्गभन्दा फरक ढङ्गले जनस्तरमा पुऱ्यायो । आन्दोलनले चरमोत्कर्षमा पुगेर अन्तरिम सरकार समेत गठन गरेको तथ्य अत्यन्तै महत्त्वपूर्ण छ । नेपालको राजनीतिक इतिहासमा हरेक ठुलो आन्दोलनपछि अन्तरिम संरचना बनेको छ । २०४६ पछि अन्तरिम सरकार, २०६३ पछि अन्तरिम संसद र संविधानसभा अनि अहिले पुनः अन्तरिम सरकारको स्वरूप देखिनु आन्दोलनको प्रभाव र जनआकांक्षाको परिणाम हो । आन्दोलनकारीका मुख्य तीन माग हुन् १) प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, यो माग कार्यकारी शक्तिको स्थिरता र जवाफदेहिता सुनिश्चित गर्न राखिएको हो । २) पूर्णसमानुपातिक निर्वाचन प्रणाली, यो माग सबै वर्ग, जाति, लिङ्ग, क्षेत्रलाई समान प्रतिनिधित्व दिलाउन गरिएको हो । ३) सुशासन र पारदर्शिता, यो माग भ्रष्टाचार अन्त्य गर्न, नागरिक सेवामा सहजता र स्रोत-साधनको समान उपयोग गर्न राखिएको हो । यी मागले अहिलेको प्रतिनिधि लोकतन्त्रको कमजोरीप्रति सीधा प्रश्न उठाएका छन् ।

**भविष्य :** सम्भावना, चुनौती र विकल्प आन्दोलनले आफ्नो ऊर्जा र एकतालाई संस्थागत गर्न सक्यो भने नेपालमा नयाँ शासन संरचना स्थापित हुन सक्छ । वर्तमानमा कायम रहेको नेपालको संविधान र यसबाट प्राप्त उपलब्धिलाई संरक्षण गर्दै नयाँ निर्वाचन गर्ने अधिकार र कर्तव्यसहित अन्तरिम सरकारको गठन भइसकेको छ । कमसे कम अन्तरिम सरकारले गर्न नसक्ने भए पनि पुरानामध्येका दलबाट स्थापित प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीको नारा स्थापित भएको छ । पूर्णसमानुपातिक निर्वाचनले स्थान पाएको छ, छलफलमै भए पनि । पूर्णसमानुपातिक प्रणालीले विविधतापूर्ण समाजलाई न्याय दिन सक्छ । निर्वाचनमा गरिने अनैतिक कार्य र अनावश्यक खर्चबाट देश जोगिन्छ । राजनीतिक सुझबुझ बोकेपछि कमजोर आर्थिक अवस्थाका नागरिक पनि राज्यको कानुन निर्माण गर्ने निकायसम्म सहजै पुग्न सक्छन् । यसले नागरिकलाई अझ बढी आशा, विश्वास र सहभागिता दिलाउन सक्छ । आन्दोलनसँग गम्भीर चुनौती पनि छन् । जेन-जी पुस्ताले पुरानालाई अस्वीकार गरे पनि नयाँ संरचनाको कार्यान्वयनमा अनुभव र रणनीतिक योजना आवश्यक पर्छ । सुझबुझका साथ करिब ७० वर्षको राजनीतिक आन्दोलनका अनुभव, १० वर्षको जनयुद्ध तथा जनविद्रोहले स्थापित गरेका मान्यता र ती मान्यताका आधारलाई लत्याएर न राजनीतिक अभीष्ट पूरा हुन सक्ला न त परिपक्वता । संयम भएर सोचेर साँच्चै परिवर्तन र अधिकार स्थापित गर्न खोजेको हो भने यसमा सतर्क हुन जरुरी हुन्छ । आन्दोलनलाई केवल सडक प्रदर्शनमा सीमित नगरी संस्थागत सङ्गठन र नेतृत्वमा परिणत गर्न सक्ने कि नसक्ने भन्ने प्रश्न रहन्छ । यो एउटा ठुलो चुनौती हो । दलीय व्यवस्थालाई अङ्गीकार गरेर बनाइएको संविधानलाई जनताको पक्षमा कार्यान्वयन गर्न दलविहीन अवस्थामा सम्भव छैन । जेन-जी सङ्गठित छैनन् भनिन्छ । असङ्गठित शक्तिहरू लामो समयसम्म अनुशासित भएर बस्न सक्छन् र निश्चित सिद्धान्तमा अटल रहन्छन्, लामो समयसम्म पहरा दिन सक्छन् । यो अवस्थामा धमिलो पानीमा माछा मार्ने शक्ति हाबी हुने सम्भावना प्रबल रहन्छ ।

नेपाल सानो देश भएकाले विश्व राजनीतिमा हुने प्रभावलाई बेवास्ता गर्न सकिँदैन । नयाँ संरचना अन्तर्राष्ट्रिय स्तरमा कसरी स्वीकार्य हुन्छ भन्ने प्रश्न पनि उठ्छ । निश्चित सिद्धान्त, मार्गदर्शन तथा अन्तर्राष्ट्रिय सम्बन्ध र प्रभाव निकै बलवान् हुन्छ । आन्दोलनले अपेक्षित परिणाम दिन सकेन भने नयाँ पुस्तामाझ पुनः निराशा बढ्ने खतरा रहन्छ । यो नयाँ पुस्तालाई आशावादी बनाइराख्नुपर्ने हुन्छ । यो दायित्व प्रत्येक राजनीतिक दल, प्रत्येक नागरिकको कर्तव्य हुन्छ । हरेक राजनीतिक दलमा युवा शक्ति सङ्गठित हुन्छ । त्यो युवा पनि यही पुस्ता हो । दलहरूले आ-आफ्ना दलका युवालाई सकारात्मक बनाइराख्न सके भने देश पूरै सकारात्मक बन्न सक्छ ।

**विकल्प र उपाय**

आन्दोलनलाई सफल बनाउन केही आधारभूत उपाय आवश्यक देखिन्छ । आन्दोलनका मागलाई संवैधानिक बहसमा परिणत गर्नुपर्ने हुन्छ । दल-दलमा र पुस्ता-पुस्तामा बहस तथा छलफल जरुरी छ । त्यस्ता छलफलमा विभिन्न क्षेत्रका विज्ञलाई समेट्न जरुरी छ । नयाँ पुस्ताले विकल्पका नीतिगत खाका प्रस्तुत गर्नुपर्छ, सङ्गठित भएर नीति-निर्माण गर्नुपर्छ । आधाररेखा तयार नगरी भविष्य कोरिँदैन । हरेक पक्ष र सन्दर्भमा परनिर्भर हुँदा कसरी फरक पर्छ भन्ने कुरा अन्तरिम सरकार बन्ने क्रममै देखिइसकेको छ । राष्ट्रिय हितलाई केन्द्रमा राखी व्यावहारिक सुधार गर्ने र नीति निर्माण गर्न सहयोगी भूमिका खेल्नुपर्छ र सङ्कुचनदेखि टाढा रही उदार र स्पष्ट दृष्टि बोक्नुपर्छ ।

**निष्कर्ष :** जेन-जीको आन्दोलन केवल वर्तमानको असन्तोष होइन, विगत दुई दशकदेखि थाती रहेको असफलताप्रतिको प्रतिक्रिया पनि हो । यसले पुराना राजनीतिक संरचना र शक्तिलाई अस्वीकार गर्दै नयाँ शासन प्रणालीको खोजी गरेको छ । आन्दोलनले अन्तरिम सरकारसम्म गठन गरेर आफ्नो प्रभावकारिता देखाइसकेको छ । यसको वास्तविक सफलता भने भविष्यमा यसको सङ्गठनात्मक परिपक्वता, नीतिगत स्पष्टता र राष्ट्रिय हितलाई प्राथमिकता दिने क्षमतामा निर्भर रहनेछ । नेपालको इतिहासले देखाएको छ – हरेक आन्दोलनले नयाँ संरचना जन्माएको छ । अब प्रश्न छ : के जेन-जीको आन्दोलनले पनि नेपालको भविष्यलाई दीर्घकालीन स्थिरता, सुशासन र समावेशी लोकतन्त्रतर्फ डोऱ्याउन सक्छ ?

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रेष्टरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : स्वरोजगारको लागि विदेश तिर ताक्नेहरूलाई नयाँ अवसर हात लाग्ला।
**वृष** : आत्मविश्वासले भरपुर रहनुहुनेछ। कार्यक्षेत्रमा मनग्य लाभ मिल्नेछ।
**मिथुन** : कार्यक्षेत्रमा संघर्षपूर्ण समय बित्नेछ। प्रतियोगी परीक्षामा सफलता मिल्नेछ।
**कर्कट** : भाग्यले साथ दिनेछ। घर निर्माणमा ठेकापट्टा सम्बन्धी कामबाट लाभ पाइनेछ।
**सिंह** : व्यवसायमा आफन्तको साथ मिल्नेछ। जिम्मेवारी पूरा नहुनाले अज्ञात भय रहनेछ।
**कन्या** : परिश्रम अनुसार उपलब्धि हात लाग्नेछ। रोकिएका काम पुनः प्रारम्भ हुनेछन्।
**तुला** : कार्यक्षेत्रमा नयाँ अवसरहरू प्राप्त हुनेछन्। रोजगारमा सफलता मिल्नेछ।
**वृश्चिक** : नयाँ सम्पर्कबाट लाभ मिल्नेछ। पारिवारिक समस्याहरूको समाधान हुनेछ।
**धनु** : लगानी लगाउने अवसर मिल्नेछ। सामाजिक जीवनमा मानसम्मान बढ्नेछ।
**मकर** : प्रेम सम्बन्ध सुमधुर रहनेछ। कार्यक्षेत्रमा नयाँ अवसर प्राप्त हुनेछ।
**कुम्भ** : कार्यक्षेत्रमा सकारात्मक सोचको साथ अगाडि बढ्नुहोस् सफलता मिल्नेछ।
**मीन** : कार्यक्षेत्रमा नयाँ कार्यहात लाग्नेछ। पारिवारिक समस्याको समाधान मिल्नेछ।

## विज्ञान/सूचना प्रविधि

# ‘डिस्कर्ड’ कसरी बन्यो जेनजीको संसद् ?



नेपाल सरकारले सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएपछि सुरु भएको आन्दोलनले राजनीतिक संकट उत्पन्न गरेको थियो। यसैबिच, देशको अन्तरिम सरकारको नेतृत्व चयन गर्नका लागि एक लाखभन्दा बढी युवाले ‘डिस्कड’ नामक च्याट एपमा भेला भएर पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्रीको रूपमा चयन गरे । ‘द न्यूयोर्क टाइम्स’को एक रिपोर्टअनुसार, प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामापछि सिर्जना भएको राजनीतिक शून्यतालाई भर्नका लागि धेरै नेपाली युवाले गेमिङ समुदायमा लोकप्रिय रहेको ‘डिस्कड’ प्लेटफर्मको प्रयोग गरेका थिए । यस विषयमा २३ वर्षीय कन्टेन्ट क्रिएटर सिड घिमिरेले भनेका छन्, ‘अहिले नेपालको संसद् भनेको ‘डिस्कड’ नै हो ।’ यो डिस्कर्ड च्यानलमा हुने छलफलहरू राष्ट्रिय सञ्चारमाध्यममा समेत चर्चाको विषय बनेका थिए । विभिन्न सरोकारवालाहरू, विशेषगरी जेनजी समूह, सेना प्रमुख र राष्ट्रपति रामचन्द्र पौडेलबिचको बैठक निष्कर्षविहीन भएपछि, जेनजी पुस्ताले अन्तरिम सरकारको प्रमुख चयन गर्न डिजिटल प्लेटफर्मलाई प्रयोग गर्ने निर्णय गऱ्यो । एकल नेतामा सहमति हुन नसकेपछि, आयोजकहरूले डिस्कर्डमा लोकप्रिय भोटिङ गर्ने विकल्प रोजे। यसका लागि भोटरहरूलाई शुक्रबार दिउँसो १ बजेभन्दा अघि दर्ता गर्न भनिएको थियो । केवल ‘स्टेज १’ मा दर्ता भएका प्रदर्शनकारीहरूलाई मात्रै अनलाइन मतदानमा सहभागी हुन दिइएको थियो । प्रधानमन्त्रीका लागि तीन जनाको नाम चर्चामा थियो: पूर्वप्रधानन्यायाधीश सुशीला कार्की, काठमाडौँका मेयर बालेन शाह र उज्यालो नेपाल अभियन्ता कुलमान घिसिङ । अनलाइन सर्वेक्षणको नतिजा आउँदा सुशीला कार्की स्पष्ट विजेताका रूपमा उदाइन् । पहिलो महिला प्रधानमन्त्रीका रूपमा शपथ शुक्रबार राति सुशीला कार्की नेपालको पहिलो महिला प्रधानमन्त्रीका रूपमा अन्तरिम सरकारको नेतृत्व गर्न नियुक्त भएकी छन् । राष्ट्रपति रामचन्द्र पौडेलले ७३ वर्षीया कार्कीलाई पद तथा गोपनीयताको शपथ गराएका थिए । शपथ ग्रहण समारोहमा नेपालका प्रधानन्यायाधीश, वरिष्ठ सरकारी अधिकारी, सुरक्षा प्रमुखहरू र कूटनीतिक समुदायका सदस्यहरूको उपस्थिति थियो । भ्रष्टाचार र सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएको विरोधमा भएको आन्दोलनका क्रममा एकै दिन एक दर्जनभन्दा बढी युवाको मृत्यु भएपछि आन्दोलनकारीहरू प्रधानमन्त्री कार्यालयमा प्रवेश गरेसँगै केपी शर्मा ओलीले मंगलबार प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए । ओलीको राजीनामा र सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउने निर्णयपछि पनि आन्दोलन रोकिएन । प्रदर्शनकारीहरूले संसद् भवन, राष्ट्रपति कार्यालय, प्रधानमन्त्री निवास, सरकारी भवन, राजनीतिक दलका कार्यालय र वरिष्ठ नेताहरूको घरमा आगजनी तथा तोडफोड गरेका थिए ।

**के हो डिस्कर्ड ?**

डिस्कर्ड मूलत: गेमिङ समुदायका लागि बनाइएको एउटा सामाजिक प्लेटफर्म हो । यसलाई सन् २०१५ मा जेसन सिट्रोन र स्टानिसलाभ विश्नेभस्कीले सुरु गरेका थिए । यो प्लेटफर्मले प्रयोगकर्ताहरूलाई सर्भर र च्यानलमार्फत टेक्स्ट, भ्वाइस र भिडियो च्याट गर्न दिन्छ । परम्परागत सामाजिक सञ्जाल प्लेटफर्महरू जस्तै फेसबुक वा इन्स्टाग्रामभन्दा फरक, डिस्कर्ड सर्भरहरूमा केन्द्रित हुन्छ । सर्भरहरू यस्ता सामुदायिक क्षेत्र हुन्, जहाँ सदस्यहरूले कुराकानी गर्न, फाइलहरू सेयर गर्न र सँगै लाइभ पनि गर्न सक्छन् । प्रत्येक सर्भरमा ५ लाख सदस्यहरू हुन सक्छन्, जसमध्ये २ लाख ५० हजार सदस्यहरू एकैपटक सक्रिय रहन सक्छन् । प्रत्येक सर्भरभित्र विभिन्न विषयका लागि छुट्टाछुट्टै च्यानल ( च्यानलहरू टेक्स्ट, अडियो वा भिडियोका लागि हुन सक्छन्) बनाउन सकिन्छ। प्रयोगकर्ताहरूले वास्तविक समयमा ( रियल टाइम) मा मिम सेयर गर्न, गेम स्ट्रिम गर्न वा विशेष रुचिहरूमाथि छलफल गर्न सक्छन् ।

**डिस्कर्ड कसरी प्रयोग गर्ने ?**

यो एपमा नयाँ प्रयोगकर्ताहरूका लागि, सुरु गर्नका लागि केही सरल उपायहरू दिइएका छन् गुगल प्ले स्टोर वा एप्पल एप स्टोरबाट डिस्कर्ड डाउनलोड गर्नुहोस् । साइन अप गर्नुहोस् र आफ्नो खाता बनाउनुहोस् । आफ्नो रुचिअनुसार कुनै सर्भरमा सामेल हुनुहोस् वा आफैं सर्भर बनाउनुहोस् । टेक्स्ट, अडियो वा भिडियोमार्फत कुराकानी गर्न सर्भरभित्रका च्यानलहरू अन्वेषण गर्नुहोस् ।‘डिस्कड’ कसरी बन्यो जेनजीको संसद् ?

*-रातोपाटी डटकम*

# भायानेटले इन्टरनेट र टेलिभिजन सेवा सामान्य स्तरमा ल्यायो



भायानेटले इन्टरनेट र टेलिभिजन सेवा हाल सामान्य अवस्थामा फर्किएको जनाएको छ। यद्यपि सेवा अझै पूर्ण क्षमतामा पुगेको छैन । तर अधिकांश ग्राहकका लागि सेवा उपलब्ध भएको कम्पनीले जानकारी दिएको छ। बाँकी सर्भरहरू अर्को डाटा केन्द्रमा स्थानान्तरण पूरा भएपछि आइतबार, भदौ २९ गते भित्र सेवा पूर्ण रूपमा सुचारु हुने अपेक्षा गरिएको छ । यसबीच केही सेवामा सुस्तता आउन सक्ने चेतावनी दिइएको छ । भायानेटको ग्राहक मोबाइल अनुप्रयोग फेरि पूर्ण रूपमा सञ्चालनमा आएको छ भने, कल केन्द्र पनि बढाइएको क्षमतासहित सञ्चालनमा आइसकेको छ । जसले प्रयोगकर्तालाई छिटो सहयोग पुऱ्याउने कम्पनीको दाबी छ । हालैका घटनाका कारण बिग्रिएका अधिकांश फाइबर काटिएका स्थानहरूको मर्मत कार्य प्राविधिक टोलीले दिनरात मेहनत गरेर पूरा गरिसकेको छ । यस्तो ठूलो र अप्रत्याशित समस्याबीच पनि ४८ घण्टाभित्र सेवा सामान्य बनाउन सफल हुनु कम्पनीको प्राविधिक दक्षता र टिमको समर्पणको परिचायक भएको भायानेटले जनाएको छ । यस अनुभवले भविष्यमा सेवा अवरुद्ध हुने जोखिम न्यून बनाउन थप सुरक्षित प्रणाली निर्माण गर्ने प्रेरणा दिएको कम्पनीले स्पष्ट पारेको छ । भायानेटले पछिल्ला दिनमा ग्राहकले देखाएको धैर्य, बुझाइ र विश्वासप्रति आभार व्यक्त गर्दै, विश्वसनीय र गुणस्तरीय सेवा दिन निरन्तर प्रतिबद्ध रहने जनाएको छ ।

*-हाम्रा कुरा डटकम*

# एनसेलका २० वर्ष : जसले जनताको हातहातमा मोबाइल पुऱ्यायो



दुई दशकअघि सरकारी स्वामित्वको नेपाल दूरसञ्जार संस्थानबाट जनताले टेलिफोन र मोबाइल लिन कहाँ सजिलो थियो र ? मोबाइलको सिमकार्ड लिन महिनौंसम्म पखर्नुपर्थ्यो , घण्टौंरु लाइनमा बस्नुपर्थ्यो भनसुन गर्नुपर्थ्यो । टेलिफोन महसुल अत्यन्तै महँगो थियो, मोबाइलबाट फोन गरेको मात्रै होइन, उठाएको पनि शुल्क तिर्नुपर्थ्यो । त्यो अवस्थाबाट जनताको हातहातमा मोबाइल पुऱ्याउन त्यसबेला आएको नेपालको पहिलो निजी क्षेत्रको मोबाइल सेवा प्रदायक मेरो मोबाइलको अत्यन्तै ठूलो योगदान छ । त्यसबेलाको मेरो मोबाइल अहिले एनसेलका रुपमा काम गरिरहेको छ । नेपालमा तत्कालीन मेरो मोबाइल अर्थात् एनसेलले सेवा सुरु गर्दा कुल जनसंख्याको ६ प्रतिशत मात्रै मोवाइल फोन प्रयोग गर्थे । तर, अहिले मोबाइल सेवाको पहुँच शतप्रतिशत भन्दा बढी पुगेको छ । एनसेलले मात्रै एक करोड ४० लाख भन्दा धेरैलाई दूरसञ्चार सेवा प्रदान गर्दै आएको कम्पनीले जनाएको छ । निजी क्षेत्रको लगानीमा स्थापना भएको एनसेल बहुराष्ट्रिय दूरसञ्चार सेवा प्रदान गर्ने कम्पनी हो । नेपाली जनाताको हातमा मोवाइल पहुँचको पर्यायबाची बनेको एनसेलले २० वर्षको अवधिमा सेवा विस्तार मात्र नभई दूरसञ्चार सेवालाई सस्तो र सुलभ पनि बनायो । सरकारी लगानीको दूरसञ्चार कम्पनीको एकाधिकार ताडेर एलिटको नियन्त्रणमा रहेको दूरसञ्चार सेवालाई जनताको हातमा पुर्याउन महत्पुर्ण योगदान गरेको छ । एनसेल नेपालको दूरसञ्चार सेवाका आएको परिवर्तनको संवाहक नै हो । बलियो प्रतिस्पर्धीका रुपमा एनसेल आएपछि सरकारी लगानीको दूरसञ्जार संस्थान पनि कम्पनीमा रुपान्तरण भयो, आफ्नो सेवालाई चुस्त-दुरुस्त बनायो । नेपालको दूरसञ्चार बजारमा यी दुई प्रतिस्पर्धीले आमूल परिवर्तन नै ल्याए । एनसेलको स्थापना सन २००४ मा भएको हो । कम्पनीले सन् २००५ मा सेवा प्रदान थालेको हो । एनसेलले आफ्नो नेटवर्कमार्फत सबै नेपालीलाई जोड्ने तथा गुणस्तरीय, आधुनिक सेवाहरू न्यून शुल्कमा प्रदान गर्ने लक्ष्य नै राखेर काम सुरु गरेको थियो । विगतमा स्वीडेनको टेलियासोनेरा र मलेसियाको आजियाटाजस्ता महत्वपूर्ण टेलिकम सेवा प्रदायकको लगानी रहेको एनसेल अहिले स्पेक्ट्रलाइट युके लिमिटेडसँगको संयुक्त लगानीमा सञ्चालित छ । एनसेलले नेपाली जनताका लागि नवप्रवर्तन, लगानी र जीवनस्तर उकास्ने विभिन्न सेवाहरू प्रदान गर्ने लक्ष्य राखेको कम्पनीले जनाएको छ । १ डिसेम्बर २०२३ मा, बेलायतस्थित स्पेक्ट्रलाइट युके लिमिटेडले आजियाटा ग्रुप बर्हाडको आजियाटा युकेबाट रेनोल्ड्स होल्डिङ्स लिमिटेडको शतप्रतिशत सेयर खरिद गऱ्यो । एनसेलमा रेनोल्ड्सको लगभग ८० प्रतिशत स्वामित्व रहेको छ । एनसेल सन् २००४ मा ‘मेरो मोबाइल’को रूपमा स्थापना भएको थियो । चार वर्षपछि, यसलाई टेलिया कम्पनी (पहिले टेलियासोनेरा ग्रुप अफ स्वीडेन) ले खरिद गऱ्यो । सन् २०१० मा ‘एनसेल’को नाममा यसको रिब्रान्डिङ गरिएको थियो । १२ अप्रिल २०१६ मा टेलिया बाहिरियो र एनसेलमा आजियाटा ग्रुप बर्हाड लगानीकर्ताका रुपमा भित्रियो । एनसेल पब्लिक लिमिटेड कम्पनीमा परिणत भयो र ३ अगस्ट २०२० मा आफ्नो नाम ‘एनसेल आजियाटा लिमिटेड’ मा परिवर्तन गऱ्यो । एनसेलले आफ्ना सेवा सञ्चालनका लागि जीएसएम, एज, थ्रिजी/एचएसपीए प्लस र डीसी-एचएसडीपीए प्रविधि प्रयोग गरेको जनाएको छ । सन् २०१० मा थ्रिजी सेवा सुरु गरेर नेपाली उपभोक्ताहरूलाई उच्च गतिको डेटा र बिना बफरिङ भिडियो सामग्री हेर्ने सुविधा दियो । सन् २०१७ मा फोरजी सेवा ल्याएर ग्राहकहरूलाई प्रविधिले ल्याएका अवसरहरूसँग जोड्न आधुनिक उच्च गतिको मोबाइल डेटामा पहुँच सुनिश्चित गरेको कम्पनीले जनाएको छ ।

विगत दुई दशकमा नेपाललाई इ-कमर्स, टेलिमेडिसिन, इन्टरनेट/मोबाइल बैंकिङ सेवा वा सूचना प्रविधिको क्षेत्रमा अगाडि बढाउन ठूलो भूमिका खेलेको एनसेलको दावी छ । एनसेलले देशभरि ९५ प्रतिशत भन्दा भन्दा बढी फोरजी कभरेज रहेको दावी गरेको छ । अर्थतन्त्रमा सबैभन्दा ठूलो योगदानकर्तामध्ये एकको रूपमा रहेको एनसेलले आर्थिक वर्ष २०८१/८२ सम्ममा नेपाल सरकारलाई ३ खर्ब ६० अर्ब रुपैयाँभन्दा बढी कर तथा शुल्क तिरेको जनाएको छ । यसले सार्वजनिक वित्तमा महत्वपूर्ण सहयोग पुऱ्याएको छ । साथै कम्पनीले सन् २०१६ मा सेयर स्वामित्व परिवर्तनसँग सम्बन्धित ४७ अर्ब रुपैयाँ पुँजीगत लाभकर समेत तिरेको थियो । एनसेलले प्रत्यक्ष र अप्रत्यक्ष एक लाख रोजगारी प्रदान गरेको जनाएको छ । विभिन्न सामाजिक उत्तरदायित्व/दिगोपन परियोजनाहरूमा २ अर्ब ५ करोड रुपैयाँभन्दा बढी योगदान गरेको छ । जसले सामाजिक-आर्थिक विकासमा योगदान पुऱ्याएको कम्पनीको दावी छ । मुख्यतया स्वास्थ्य, शिक्षा र वातावरणलाई मुख्य क्षेत्रको रूपमा केन्द्रित गर्दै दिगो विकास लक्ष्यहरू हासिल गर्न सरकारलाई सहयोग गरिरहेको कम्पनीको भनाइ छ । ठूलो प्रभाव पारेका केही ठूला परियोजनाहरूमा रिङरोड ग्रीन बेल्ट, पिछडिएकाहरूलाई सेवा दिन टेलिमेडिसिन र पर्सनलाइज्ड हेल्थ प्रोग्राम र देशभरका ६० वटा सरकारी/सामुदायिक विद्यालयहरूमा उच्च-प्रविधि डिजिटल आईटी ल्याबहरूको स्थापना गरेको कम्पनीले जनाएको छ । एनसेलले कोभिड-१९ को अवधिमा सरकार र उपभोक्ताहरूलाई सहयोग गरेको थियो । कोभिडमा एनसेलले गरेको योगदानलाई पहिचान गर्दै वर्ल्ड कम्युनिकेसन्स अवार्ड २०२१ पाएको थियो । एनसेल विभिन्न स्थानीय र अन्तर्राष्ट्रिय पुरस्कारहरूबाट सम्मानित भएको छ । साथै, एनसेल सञ्चालनमा आएको २० वर्षको अवधिमा एक दर्जनभन्दा धेरै अवार्ड पाएको छ । कम्पनीले एनबीआई बिजनेस रेजिलियन्स अवार्ड २०२४– बेस्ट प्राक्टिसनर, २०२२ मा नेपालको सबैभन्दा छिटो मोबाइल नेटवर्क, एसियन टेलिकम अवार्ड्स २०२२ लगायतका दजनौ स्थानीय र अन्तर्राष्ट्रिय सम्मानहरूबाट सम्मानित भएको छ । तर, नेपालमा टेलिकम सेवा प्रदायकको व्यवसाय र आम्दानी दुवै घटेको छ । पछिल्ला ५ वर्षमा नेपालमा टेलिकम सेवा प्रदायक कम्पनीको आम्दानी २५ प्रतिशतले घटेको छ, जबकि छिमेकी मुलुकहरू बंगलादेश वा श्रीलङ्कामा भने यो अवधिमा ४० प्रतिशत वृद्धि देखिएको छ । ओटीटीको प्रभाव, अन्तर्राष्टिय कलहरु (आईएलडी)को मागमा गिरावट, तथा माग बढे पनि डेटा सेवाको आय घटेकाले अहिले एनसेल र नेपाल टेलिकम दुवै कम्पनी आम्दानीमा ठूलो गिरावट आइरहेको छ । ग्राहकको डेटा माग तीव्र गतिमा बढिरहे पनि प्रतिस्पर्धाका कारण मूल्य निरन्तर घटिरहेको छ । लगानी तथा मुद्रास्फीतिसँग मेल खाने गरी सेवा शुल्क पुनरावलोकन गर्ने कुनै सरकारी प्रावधान वा नियन्त्रण नभएकोमा टेलिकम कम्पनीहरु खुसी छैनन् । २०२४ मा नेपालमा प्रतिग्राहकको मासिक डेटा प्रयोग मात्र ६ जीबी मात्रै छ जबकि भारतमा यो २० जीबी छ । विगतमा एनसेल र नेपाल टेलिकमसहितको दूरसञ्चार उद्योगले नेपालको जीडीपीमा ५ प्रतिशत योगदान थियो, तर अहिले यो २ प्रतिशतमा झरेको कम्पनीहरुको दाबी छ । टेलिकमको वार्षिक बजार १ खर्ब रुपैयाँ पुगिसकेकोमा त्यो घटेर ७५ अर्बभन्दा तल आएको छ । ‘नेपालमा केवल आम्दानीलाई हेरेर धारणा बनाउने प्रवृत्ति छ । तर कम्पनीहरुले करपछिको नाफाको ३ गुणा बढी पूँजीगत लगानी गर्नुपर्छ, यस अर्थमा हामी घाटा व्यहोर्दै भोलिको वृद्धिको लागि लगानी गरिरहेका छौँ, एनसेल भन्छ । अहिले संसारका धेरै मुलुकहरू फाइभजी प्रविधिमा गइसके । तर, नेपालमा लगानीका हिसाबले त्यो निकै चुनौतीपूर्ण बन्दै गएको छ । फाइभजी जस्तो नयाँ प्रविधि भित्र्याउन नेपाललाई करिब ६० अर्ब रुपैयाँ चाहिन्छ, जुन कम्पनीहरुको नाफाको १२ गुणा हो । त्यसो हुँदा २-३ वर्षमै फाइभजी लागू गर्नु वर्तमान वित्तीय अवस्थाका कारण चुनौतीपूर्ण छ, एनसेल भन्छ । सरकारले १० वर्षभित्र ३० खर्ब रुपैयाँ आइटी सेवा निर्यात गर्ने तथा १५ लाख आइटी रोजगारी सृजना गर्ने लक्ष्य राखेको छ । तर, आईसीटी क्षेत्रको आधारस्तम्भ दूरसञ्चार क्षेत्रलाई सहयोग नगरी यो सम्भव छैन । नेपालमा दूरसञ्चार ऐन २०५३ सालमा लागू भएदेखि अहिलेसम्म संशोधन भएको छैन । सूचना प्रविधि क्षेत्र दिनदिनै परिवर्तन भइरहन्छ तर कानून त्यसअनुरुप संशोधन हुन सकेको छैन । तर, उपभोक्ता र सेवा प्रदायकलाई सरकारले उच्च मात्रामा कर लगाउने गरेको छ । कार्यलयका केही तलामा पूर्ण क्षति पुगेको र धेरैवटा सवारीसाधन जलेको कम्पनीले जनाएको । एनसेल जस्तो वैदेशिक लगानी भएको कम्पनीमा आन्दोलकारीले निसानामा राख्दा प्रत्यक्ष बैदेशिक लगानी समेत निरुत्साहित हुने देखिन्छ ।

*-अनलाइन खबर डटकम*

हार्दिक मंगलमय शुभकामना

हिन्दुहरुको महान चाड विजया दशमी तथा शुभ दिपावली २०८२ को पावन अवसरमा सेवाग्राही, सेयर सदस्य, कर्मचारी, शुभेच्छुक तथा देशवासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गोबिन्द ढकाल
शाखा प्रबन्धक
ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
तानसेन, पाल्पा



हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, शुभदिपावली २०८२ को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना ।

प्रेमराज खराल — प्रिन्सिपल
अशेष भट्टराई — प्रबन्ध निर्देशक
यम बहादुर चिदी — अध्यक्ष
एवं
माउण्ट म्याली ईङ्गलिश स्कूल परिवार
माथागढी-३, कसेनी, पाल्पा



हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, शुभ दिपावली २०८२ को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गोपाल पि.सी. — प्रिन्सिपल
केदारलाल श्रेष्ठ — अध्यक्ष
पाल्पा आवासिय माध्यमिक विद्यालय परिवार
तानसेन, पाल्पा



हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, शुभ दीपावली, छठ पर्व २०८२ को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना ।

गंगा खत्री — प्रिन्सिपल
जगदीश भट्टराई — अध्यक्ष
एवं
पाल्पा प्यारागन ईङ्गलिस सेकेण्डरी स्कुल परिवार
तानसेन, पाल्पा



हार्दिक मंगलमय शुभकामना

विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको अवसरमा बुबाआमा, दाजुभाई, दिदीबहिनी, ग्राहक, तथा शुभचिन्तकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

-प्रो. किरण चित्रकार
न्यू किरण रेष्टुरेण्ट परिवार
बसपार्क, तानसेन, पाल्पा (सम्पर्क : ९८५७०६०८२०, ०७५-५२०५२०)
खाना, नास्ता तथा बास बस्न साथै जीप, कार, भ्यान, बस तथा मिनी बस चाहिएमा हामीलाई सम्झनुहोस् ।



हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, शुभ दीपावली २०८२ को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

एनिस जोसेफ — प्रिन्सिपल
सागरमान महर्जन — अध्यक्ष
सेन्ट कपितानियो स्कुल परिवार
तानसेन, पाल्पा



बडादसैं २०८२ को पावन अवसरमा
हार्दिक मंगलमय शुभकामना

देश तथा विदेशमा रहनुहुने दाजुभाइ, दिदीबहिनी, शेयर सदस्य, कर्मचारी तथा सम्पूर्ण सेवाग्राही महानुभावहरुमा सुख शान्ति र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शाखा प्रबन्धक : विक्रान्त राणा
Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
सिल्खानटोल, तानसेन, पाल्पा



विजया दशमी २०८२ को अवसरमा

सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी, शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ढकेश्वर बस्याल — व्यवस्थापक
धनिश्वर बस्याल — सचिव
भोजराज पोखेल (रामजी) — अध्यक्ष
श्री तानसेन बचत तथा ऋण सहकारी संस्था लि.
तानसेन, पाल्पा



बडादसै २०८२ को पावन अवसरमा
हार्दिक मंगलमय
शुभकामना

विजया दशमीको अवसरमा आमाबुबा, दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक, तथा सम्पूर्ण ग्राहक महानुभावहरुमा दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सञ्चालक राजन रायमाझी
होटल तानसेन भ्यू परिवार
तानसेन, पाल्पा



हार्दिक मंगलमय शुभकामना

हिन्दुहरुको महान चाड विजया दशमी तथा शुभ दिपावली २०८२ को पावन अवसरमा सेवाग्राही, सेयर सदस्य, कर्मचारी, शुभेच्छुक तथा देशवासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

PRABHU BANK
तानसेन, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई